Food Stamp Employment & Training (FSET) (फुड स्ट्याम्प रोजगारी तथा तालिम) कामको खोजीको अभिलेख (Job Search Log)

FSET कार्यक्रमले तपाईंलाई आफ्नो लागि कामको खोजी गर्ने क्रममा यात्रा गर्दा लागेका यात्रा खर्चहरू सोधभर्ना गर्न सक्छ । यात्रा गरिएको माइलहरूको सोधभर्ना प्रति माइल $0.30 को दरले भुक्तान गरिन्छ । तपाईंलाई आफ्नो कामको खोजीको लागि प्रयोग गरिएका बसको पास र/वा ट्याक्सी चढ्दा लागेको खर्चका लागि सोधभर्ना गर्न सकिन्छ । आफ्नो कार बाहेक अन्य यातायातका साधनहरू (*ट्याक्सी, बस इत्यादि*) मा लागेका यात्रा खर्चहरूका वैध रसिदका प्रतिलिपीहरू **आवश्यक हुन्छ** । तपाईंले हामीलाई यात्रा गरेको 90 दिन भित्रमा अभिलेख र आवश्यक पर्ने रसिद दिनैपर्छ । यात्रा खर्चहरूलाई प्रति महिना $100 सम्म सोधभर्ना गरिन्छ । सोधभर्नाहरू यस कार्यक्रमको लागि विनियोजित संघीय रकमहरूको आधारमा गरिनेछ ।

एकै दिनमा धेरै स्थानहरूमा यात्रा गर्दा पहिला आफ्नो घर देखि पहिलो स्थान, त्यसपछि एक स्थानदेखि अर्को स्थानसम्म र अन्तमा अन्तिम स्थानदेखि आफ्नो घरसम्ममा यात्रा गरिएको माइलहरूको अभिलेख राख्नुहोस् । यदि तपाईंले दिनमा कुनै एक स्थानको मात्र यात्रा गर्नुभयो भने आउँदा जाँदा यात्रा गर्नुभएको माइलहरूको अभिलेख राख्नुहोस् । FSET कार्यक्रममा हुँदासम्म तपाईंले कामको लागि प्रति हप्ता कम्तिमापनि छ वटा सम्पर्क गरेको हुनुपर्छ । तपाईंले हामीलाई आफ्नो कामको खोजीको अभिलेखहरू साप्ताहिक, पाक्षिक वा मासिक रूपमा दिन सक्नुहुन्छ ।

यदि तपाईंले Food Stamps प्राप्त गरिरहँदा **12 वा त्यो भन्दा बढी महिनाहरूका** लागि माइलेज सोधभर्ना प्राप्त गर्नुभएको छ भने **सोधभर्ना प्राप्त गर्नको लागि तपाईंले निम्न कार्यहरू गर्नैपर्छ:**

1) हरेक 6 महिनामा कामको मूल्याङ्कन पूरा गर्नुपर्छ (मूल्याङ्कन तयार गर्नको लागि तल दिइएको नम्बरमा FSET लाई फोन गर्नुहोस्); **तथा**
2) तपाईंले आफ्नो कामको खोजीमा NH Works Offices (न्यू हैम्पशायर नोकरी कार्यालयहरू) प्रयोग गरिरहनुभएको छ भनेर मासिक प्रमाण दिनुपर्छ ।

यदि तपाईंसँग कुनै प्रश्नहरू भएमा FSET प्राविधिकसँग कुरा गर्नको लागि 1-800-852-3345 x 9329 मा सोमबारदेखि शुक्रबारसम्म, बिहान 8:00 बजेदेखि बेलुका 4:30 बजेसम्म फोन गर्नुहोस् ।

मिति म/दि/व	रोजगारदाताको नाम	रोजगारदाताको ठेगाना	दर्जा/कामको किसिम	रोजगारदाताको फोन #	सम्पर्क गरिएको व्यक्ति	चालिएका कदमहरू*	यात्रा गरिएका माइल

*कदमहरू निम्न हुन सक्छन्: आवेदन पूरा भर्नु, रिज्युम (RESUME) बुझाउनु, अन्तर्वार्ताका लागि जानु, इत्यादि ।
अतिरिक्त टिपोट ठाउँ पछाडि पनि छ ।

तल हस्ताक्षर गरेर RSA 641:3 बमोजिम शपथसँग अबद्ध असत्यको दण्ड अधिन तपाईं यो प्रमाणित गर्नुहुन्छ कि सूचिकृत हरेक रोजगारदाता सम्पर्क ठीक र यथार्थ छ । तपाईं यो बुझ्नुहुन्छ कि यस अभिलेखमा लेखिएका जानकारीको जाँच गर्नको लागि DHHS ले रोजगारदाताहरूलाई सम्पर्क गर्न सक्छ । DHHS ले अभिलेखमा उल्लेखित कुनैपनि यात्रा गरिएका माइलहरू ठीक छ कि छैन भनेर जाँच पनि गर्न सक्छ । गलत वा अक्षर नबुझिने टिपोटहरूको लागि सोधभर्ना उपलब्ध गराइने छैन ।

सहभागीको नाम (कृपया अक्षर छुट्टाछुट्टै लेख्नुहोस्)	सहभागीको हस्ताक्षर	मिति	RID #

☐ **DHHS ले यस फारामलाई विद्युतीय रूपमा स्वीकार गर्न सक्षम हुनको लागि तपाईंले विद्युतीय हस्ताक्षर उपलब्ध गराउनै पर्छ । यसो गर्नको लागि बायाँ भागमा भएको बाक्सामा ठीक चिन्ह लगाउनुहोस् । बाक्सामा ठीक चिन्ह लगाउनु यस कागजातलाई कलम तथा मसीले हस्ताक्षर गरे सरह कानुनी रुपमा समान हुन्छ । बाक्सामा चिन्ह लगाएर RSA 641:3 बमोजिम शपथसँग अबद्ध असत्यको दण्ड अधिन तपाईं यो प्रमाणित गर्नुहुन्छ कि उपलब्ध गराइएको जानकारी तपाईंलाई थाहा भएसम्म सत्य र पूरा छ । हामीलाई इमेलबाट पठाउनको लागि यो पूरा भरेको फारामलाई आफ्नो इमेलको एट्याच्मेन्टमा पठाउनुहोस् ।**

हामीलाई अभिलेख उपलब्ध गराउने तीनवटा तरिकाहरू छन्:

इमेल: fset@dhhs.state.nh.us
फ्याक्स: (603) 271-4637
Attn: FSET Technician

पत्राचार: NH Department of Health and Human Services
Attn: FSET Technician
129 Pleasant St., Brown Building
Concord, NH 03301-3852

थप अभिलेख पानाहरू http://www.dhhs.nh.gov/dfa/foodstamps/index.htm बाट डाउनलोड गर्न सकिन्छ ।

मिति म/दि/व	रोजगारदाताको नाम	रोजगारदाताको ठेगाना	दर्जा/कामको किसिम	रोजगारदाताको फोन #	सम्पर्क गरिएको व्यक्ति	चालिएका कदमहरू*	यात्रा गरिएका माइल

TO BE COMPLETED BY FSET TECHNICIAN

☐ Approved or ☐ Denied

Authorized Amount or Denial Reason

Date

FSET Signature